श्री जिल्ला प्रशासन कार्यालय काठमाडौं

इजलाश

प्रमुख जिल्ला अधिकारी श्री **बसन्त राज गौतम**बाट भएको

**फैसला**

सम्बत् २०७०/०७१ सालको स.फौ.नं.**३५/६०** (हातहतियार)

दर्ता मिति :– **२०७०/०१/०२**

मुद्दा :– **हातहतियार खरखजाना** ।

निर्णय नं.६७७, मिति :– **२०७०/१०/२४**

| वादी | प्रतिवादी |
|---|---|
| प्रहरी प्रतिवेदन जाहेरीले | जिल्ला सुनसरी, बक्लौरी गाउँ गा.वि.स. वडा नं. १ घर भई हाल कारागार कार्यालय जगन्नाथदेवलमा थुनामा रहेका सुरवीरको छोरा बर्ष २६ को |
| **नेपाल सरकार**....................................१ | **जीतबहादुर बुढाथोकी**....................................१ |
| निजको प्रमाण.................................. | निजको प्रमाण .................................. |
| साक्षी........................................... | साक्षी ........................................... |
| कागज.......................................... | कागज .......................................... |

**यस कार्यालयबाट बुझेको**

प्रमाण...........................................

साक्षी...........................................

कागज ---------------------------

**हातहतियार खरखजाना ऐन, २०१९ को दफा २४(१) ले यसै कार्यालयको क्षेत्राधिकारभित्र पर्ने भई पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण र यस कार्यालयको ठहर यस प्रकार छ :–**

१. का.जि.,बाणभन्ज्याङ्ग गा.वि.स.वडा नं. ६ नागढुङ्गाँ स्थित पूर्वमा थानकोटतर्फ जाने पक्की सडक,पश्चिममा खानीखोला तर्फ जाने पक्की सडक, उत्तरमा भूर्तेल गाँउ तर्फ जाने कच्ची सडक, दक्षिणमा बाणभन्ज्याङ्ग गा.वि.स.भवनको कार्यालय यति चारकिल्ला भित्र पर्ने पूर्व पश्चिमको त्रिभुवन राजपथ पक्की सडकमा धरानबाट काठमाण्डौं आइ रहेको ना.४ ख ५६६७ नम्वरको मितेरी यातायात गाडीमा यात्रा गरी आएका सम्पूर्ण यात्रुहरुको झोला तथा शरिर खानतलासी गर्दा उक्त गाडीमा यात्रा गरी आएका जितबहादुर बुढाथोकीले बोकेको SPRITZZ लेखिएको कालो रंगको झोला भित्र Made in U.S.A. लेखिएको काठको बीँड भएको रिभल्वर थान एक, सोही रिभल्वरमा लोड गरी राखेको 3RC.KF.74.2 लेखिएको गोली थान १ र निजले लगाएको कोटको खल्तीमा Win-Chester-38-PSL लेखिएको गोली थान २ समेत फेला परि निज जितबहादुर बुढथोकीलाई समेत पक्राउ गरी आवश्यक कारवाहीको लागि दाखिला गरिएको भन्ने समेत व्यहोराको मिति २०६९/१२/०८ गतेको **खानतलासी तथा वरामदी मुचुल्का सहितको प्रहरी प्रतिवेदन ।**

२. मलाई काठमाण्डौंमा वैदेसिक रोजगारको सिलसिलामा आउनु पर्ने भएको कुरा मेरो साथी विकास गुरुङ्गलाई भनेकोमा निज गुरुङ्गले नै टिकट काटी निजले मलाई ईटहरी बसपार्कको ट्वाइलेटमा रिभल्वर थान १ मेरो झोलामा राखी बोक्न लगाएका थिए,पछि चेकजाँचका क्रममा फेला परेको हो भन्ने समेत व्यहोराको प्रतिवादी जितबहादुर बुढाथोकीले अधिकार प्राप्त अधिकारीसमक्ष गरेको वयान ।

३. म ना.४ ख ५६६७ नम्वरको मितेरी यातायातको कण्डक्टर हुँ, उक्त दिन सो बस धरानबाट काठमाण्डौं आउदाको रसिद पेश गर्दछु भनि बुझिएका कृष्णबहादुर कार्कीको निवेदन तथा सोही व्यहोराको कागज ।

४. संकलित कागज प्रमाणहरुबाट धरानबाट मितेरी यातायातको बसमा काठमाण्डौं आउदै गर्दा का.जि.बाणभन्ज्याङ्ग गा.वि.स.वडा नं.६ मा प्रतिवादी जितबहादुर बुढाथोकीले बोकेको SPRITZZ लेखिएको कालो रंगको झोला भित्र Made in U.S.A. लेखिएको काठको बीँड भएको रिभल्वर थान एक, सोही रिभल्वरमा लोड गरी राखको 3RC.KF.74.2

लेखिएको गोली थान १ र निजले लगाएको कोटको खल्तीमा Win-Chester-38-PSL लेखिएको गोली थान २ समेत चेकजाँचको क्रममा मिति २०६९/१२/०८ गतेका प्रहरी टोलिले फेला पारी वरामद गरी निज जितबहादुर बुढाथोकीलााई समेत तत्काल पक्राउ गरेको,निज जितबहादुर बुढाथोकीले सोधपुछका क्रममा घटना विवरण स्वीकार गरी दिएको वयान कागजातहरुका आधारमा उल्लेखित प्रतिवादी जितबहादुर बुढाथोकीले हातहतियार तथा खरखजाना ऐन,२०१९ को दफा ३(२), ४(२) र ५(१) विपरितको कसूर गरेको हुदा निज प्रतिवादी जितबहादुर बुढाथोकी उपर सोही ऐनको दफा २०(१) बमोजिम सजाय हुन र बरामद भएको पेस्तोल थान-१, सो मा लाग्ने गोली थान-३,समेत सोही ऐनको दफा १६ बमोजिम जफत हुन मागदावी लिई **अभियोग-पत्र प्रस्तुत भएको ।**

५. म मिति २०६९/१२/०८ गते इटहरीबाट काठमाण्डौं आउदा नागढुङ्गमा मेरो साथमा रहेको Made in U.S.A. लेखिएको काठको बीँड भएको रिभल्वर थान एक र गोली थान ३ वरामद भएको ठीक हो । उक्त हतियार सुनसरीको विकास गुरुङ्ग भन्ने व्यक्तिले मेरो झोलामा राखी दिएकोले ल्याएको हो अन्य कुरा थाहा छैन,बरामदी मुचुल्काको व्यहोरा थाहा पाए सो अनुसार वरामद भएको हतियार म बाट वरामद भएको हो भनी प्रतिवादी जितबहादुर बुढाथोकीले यस कार्यालयमा गरेको वयान ।

६ .प्रतिवादी जितबहादुर बुढाथोकीले यस कार्यालयमा वयानको क्रममा अभियोग स्वीकारी वयान गरेकाले पछि मुद्दा फैसला भएका वखत ठहरे वमोजिम हुने गरी हाललाई हातहतियार खरखजाना ऐन,२०१९ को दफा २४क बमोजिम प्रतिवादी जितबहादुर बुढाथोकीलाई थुनामा राखी मुद्दाको पूर्पक्ष गर्ने भन्ने यस कार्यालयबाट मिति २०७०/०१/०२ मा भएको थुनछेक आदेश ।

७. बरामद भई आएको रिभल्वर " Local Made ( home made ) revolver भएको र 0.380 inch Calibre को गोली लाग्ने र चालू अवस्थामा भएको तथा एउटा गोली जिवीत अवस्थाको र दुई वटा मिसफायर्ड भएको गोली रहेको " भन्ने केन्द्रीय प्रहरी विधिविज्ञान प्रयोगशालाको हतियार परीक्षण प्रतिवेदन ।

८. कारागार कार्यालय जगन्नाथ देवलको च.नं.८०७४ मिति २०७०/०२/१२ को पत्रसाथ फरार रहेका व्यक्ति विकास गुरुङ्गको वतन सहित कारवाही गरी पाउन प्रतिवादी जितबहादुर गुरुङ्गले दिएको निवेदन प्राप्त भई महानगरीय प्रहरी परिसर हनुमानढोकामा लेखी पठाइएको पत्र ।

९. मिति २०६९/१२/०८ मा भएको वरामदी मुचुल्काको व्यहोरा ठीक साँचो हो, सो मुचुल्कामा भएको दस्तखत म समेतको हो,साथै प्रहरी प्रतिवेदन म समेतले दिएको हुँ, मुचुल्कामा उल्लेख भए अनुसारको हातहतियार प्रतिवादी बाटै वरामद भएकाले निजहरु उपर अभियोग पत्रको मागदावी अनुसार सजाय हुनु पर्छ भनी भनी वादी पक्षका प्रतिवेदक साक्षी प्र.ना.नि.केदार तिमिल्सिना,प्र.स.नि.राजेश्वर सापकोटा र प्र.ज.दयाराम चालिसे समेतले यस कार्यालयमा गरेको करिव एकै मिलानको वकपत्र ।

## यस कार्यालयको ठहर

१०. नियम बमोजिम पेशी सूचिमा चढी निर्णयार्थ पेश हुन आएको प्रस्तुत मुद्दामा **मिसिल संलग्न कागजातहरु अध्ययन गरि प्रतिवादीको जिकिर समेत सुनि निर्णय तर्फ विचार गर्दा प्रतिवादी जितबहादुर बुढाथोकीले हातहतियार खरखजाना ऐन, २०१९** को दफा ३(२), ४(२) र ५(१) विपरितको कसूर **अपराध गरेको हो होइन् निर्णय गर्नु पर्ने देखिन आयो ।**

११. यसमा मिसिल साथ संलग्न कागज प्रमाणहरु अध्ययन गरी प्रतिवादीका तर्फबाट उपस्थित विद्वान अधिवक्ता द्धय नरबहादुर योगी र भोजबहादुर ढकाल समेतको वहस सुनी निर्णय तर्फ विचार गर्दा मिति २०६९/१२/०८ को वरामदी मुचुल्कामा उल्लेतिख Made in U.S.A. लेखिएको रिभल्वर थान १ र सो मा फिट भएको गोली राउण्ड १ प्रतिवादी जितबहादुर बुढाथोकीको झोलाबाट वरामद भएको र गोली राउण्ड २ निजको कोटको खल्तिबाट वरामद भएको कुरा प्रतिवादीले अनुसंधानको क्रममा गरेको वयान अन्यथा हो भन्न नसकेको अवस्थामा वरामदी हतियार र गोली विकास गुरुङ्गको भएको भनी वताएको कुरालाई विश्वास गर्न सकिने अवस्था देखिएन । अतयव प्रतिवादी जितबहादुर बुढाथोकीले विना ईजाजत अवैध रिभल्वर थान १, गोली राउण्ड ३ आफुसँग राखी, साथमा लिई हिडी हातहतियार खरखजाना ऐन,२०१९ को दफा ३(२),४(२) र ५(१) अनुसार कसुर अपराध गरेको ठहर्छ । सो ठहर्नाले कसूरको मात्रा समेतलाई विचार गर्दा सोही ऐनको दफा २०(२) र २०(३) अनुसार प्रतिवादी जितबहादुर बुढाथोकीलाई रु १,२५,०००।- एकलाख पच्चिस हजार जरिवाना हुन्छ । वरामद भएको रिभल्वर थान १ र गोली राउण्ड ३ सोही ऐनको दफा १६ बमोजिम जफत गर्नु । अरुमा कानून बमोजिम **गर्ने गरि प्रस्तुत मुद्दा मुलुकी ऐन अ.बं. १८६ नं. बमोजिम फैसला गरि दिएको छ ।**

## तपसिल

माथि ईन्साफ खण्डमा लेखिए बमोजिम प्रतिवादी जितबहादुर बुढाथोकीलाई रु १,२५,०००।- जरिवाना ठहरी फैसला भएकोले प्रतिवादी जितबहादुर बुढाथोकी मिति २०६९/१२/०८ देखी प्रहरी हिरासतमा बसेको देखिदा कानून बमोजिम सोही मितिबाट गणना हुने गरी जरिवाना रकम दाखिला गरेमा थुनाबाट छाडि दिनु, जरिवाना रकम दाखिला नगरेमा कानून बमोजिम जरिवाना वापतको कैद गर्न कैदी पूर्जि दिनु...............................................१

प्रतिवादीले प्रस्तुत फैसलामा चित्त नबुझे फैसला सुनि पाएको मितिले ७० (सत्तरी) दिनभित्र श्री पुनरावेदन अदालत पाटन, ललितपुरमा पुनरावेदन गर्न जानू भन्ने पुनरावेदन म्याद सुनाउनू/दिनु र जि.स.व.का. काठमाडौंलाई प्रस्तुत फैसलाको फोटोकपि समेत साथै राखी मुद्दा फैसला भएको जानकारी र पुनरावेदनको म्याद समेत लेखी पठाउनू ..................................... .... ...............................................................................................२

वरामद हातहतियार खरखजाना जफत हुने ठहरेकोले नियमानुसार आम्दानी बाँधी यस कार्यालयमा जानकारी दिन सम्बन्धित प्रहरी कार्यालयमा लेखि पठाउनु...........................................................................................३

सरोकारवालाले फैसला र मिसिल संलग्न कागजातको नक्कल माग्न आए कानून बमोजिम नक्कल दिनू .............४

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी म्यादमा पुनरावेदन परे मिसिल श्री पुनरावेदन अदालत पाटनमा पठाइदिनू र नपरे नियमानुसार गरी अभिलेख राख्नू ............................................................................................६

...................................

(**बसन्त राज गौतम**)

प्रमुख जिल्ला अधिकारी

इति सम्बत् २०७० साल माघ २६ गते रोज १ शुभम् ......................................................................